

# राष्ट्रिय वाणिज्य बैंक लि. समाचार

देशको आर्थिक सामाजिक विकासमा ४६ वर्षदेखि समर्पित - राष्ट्रिय वाणिज्य बैंक

वर्ष १९ अंक ३ मंसिर-पुस २०६८ Year 19 Vol 3 Dec. 2011/Jan-2012




राष्ट्रिय वाणिज्य वैंक शाखा कार्यालय रातामाटा समुद्‌घाटनको एक झलक

## राष्ट्रिय वाणिज्य बैंकको ४७ औं वार्षिकोत्सव भव्य रूपले मनाईंदै

राष्ट्रिय वाणिज्य बैंकको ४७ औ वार्षिकोत्सव विविध कार्यक्रमहरूको आयोजना गरी भव्यतापूर्वक मनाईंदैछ। यसै सिलसिलामा प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माको संयोजकत्वमा केन्द्रीय कार्यालयका विभागीय प्रमुख तथा मुख्य अधिकृत, कम्पनी सचिव र मुख्य शाखा कार्यालय काठमाडौंका प्रवन्धक सम्मिलित २३ सदस्यीय वार्षिकोत्सव मूल समारोह समिति गठन गरिएको छ। सो समितिको सदस्य सचिवमा मानव संशाधन विभागका उपप्रमुख शशि आचार्य रहनुभएको छ। यसैगरि नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाको संयोजकत्वमा ३ सदस्यीय स्मारिका प्रकाशन

*बाँकी पृष्ठ ७ मा*

## यस अंकमा


- रावावैंक ४७ औ वर्षमा प्रवेश, वार्षिकोत्सव भव्यतापूर्वक मनाईंदै
- रावावैंकको प्रमुख कार्यकारी अधिकृतमा कृष्णप्रसाद शर्मा
- रावावैंकद्वारा औद्योगिक व्यापारिक मेलाको (मुख्य) प्रायोजन
- विभिन्न स्थानमा रावावैंकको शाखा पुनस्थापना
- विभिन्न क्षेत्रमा समीक्षा गोष्ठी सम्पन्न
- विद्यार्थी सहयोग परियोजनामा रावावैंक
- महालक्ष्मी उपहार योजना
- साथमा मानव संशाधन स्तम्भ


## राष्ट्रिय वाणिज्य वैंकद्वारा राष्ट्रिय औद्योगिक व्यापारिक मेला ०६८ को मुख्य प्रायोजन

पुस ३ पोखरा

देशको औद्योगिक व्यापारिक विकासमा स्थापनाकालदेखि नै अहम् भूमिका निर्वाह गर्दै आएको राष्ट्रिय वाणिज्य वैंकले सो कार्यलाई हालका दिनमा समेत निरन्तरता दिँदैआएको छ। यसै क्रममा वैंकले मिति मंसिर २२ देखि पुस ३ सम्म 'पोखरा लगानीको अवसर संभावनाको सहर' भन्ने नाराका साथ पोखरामा सम्पन्न राष्ट्रिय औद्योगिक व्यापारिक मेला ०६८ को मुख्य प्रायोजकको हैसियतमा प्रायोजन गरेको थियो । नेपाल उद्योग वाणिज्य महासंघ र उद्योग वाणिज्य संघ पोखराको संयुक्त आयोजनामा सम्पन्न उक्त मेलाको समुद्‌घाटन समारोहका प्रमुख अतिथि अर्थमन्त्री वर्षमान पुनले गर्नु भएको थियो। नेपाल उद्योग वाणिज्य महासंघ




तस्विर माधव अधिकारी

समुद्‌घाटन समारोहमा सम्बोधन गर्दै अर्थ मन्त्री वर्षमान पुन

*बाँकी पृष्ठ ८ मा*

## राष्ट्रिय वाणिज्य वैक प्रमुख कार्यकारी अधिकृतमा कृष्णप्रसाद शर्मा

पुस २१ काठमाडौं

मुलुककै ठूलो र पूर्ण सरकारी स्वामित्वमा संचालित राष्ट्रिय वाणिज्य वैक लिमिटेडको प्रमुख कार्यकारी अधिकृतमा कृष्ण प्रसाद शर्मा नियुक्त हुनुभएको छ । उर्जा सचिव वालानन्द पौडेलको संयोजकत्वमा गठित ५ सदस्यीय प्रमुख कार्यकारी अधिकृत छनोट समितिद्वारा संचालित खुल्ला प्रतिष्पर्धात्मक प्रकृयाहरू पार गरी मिति ०६८ पुस २१ मा राष्ट्रिय वाणिज्य वैक संचालक समिति वैठकबाट अनुमोदन पश्चात श्री शर्मा प्रमुख कार्यकारी पदमा चयन हुनुभएको हो ।



*बाँकी पृष्ठ ८ मा*

# सम्पादकीय

राष्ट्रिय वाणिज्य बैंक लि.को संचालक समिति र प्रमुख कार्यकारीमा बारम्वार भैरहने परिवर्तनले बैंक स्थापनाकालदेखि नै व्यवस्थापकीय अस्थिरता र अन्योलबाट गुज्रदैआएको थियो । यहि अस्थिरताको कारण बैंकको वित्तिय अवस्था रुग्ण भई सुधारको अभियान समेत चलाउनु परेको थियो । यसै क्रममा नेपाल सरकारद्वारा केही पहिले गठित राष्ट्रिय वाणिज्य वैंक प्रमुख कार्यकारी अधिकृत छनोट समितिद्वारा खुल्ला प्रतियोगितामार्फत प्रमुख कार्यकारी अधिकृतको चयन पश्चात बैंकले लामो समयदेखि भोग्दैआएको व्यवस्थापकीय अन्योल समाप्त भई बैंक एक नयां युगमा प्रवेश गरेको छ । यसअघि इतिहासमै पहिलो महिला प्रमुख कार्यकारी अधिकृत पाउनु राष्ट्रिय वाणिज्य बैंकको निम्ति एक गौरवको विषय थियो भने अहिले बैंककै गर्भबाट हुर्केको ,बैंकमा झण्डै तीन दशकको कार्यानुभव संगालेको वैंकका हरेक सवल दुर्वल पक्षलाई राम्ररी चिनेको र राष्ट्रिय अर्थतन्त्रको आवश्यकता र रावावैंकको भूमिकालाई समायोजित ढंगले अघि बढाउन सक्षम व्यक्तिलाई प्रमुख कार्यकारी अधिकृतको रूपमा पाउँदा राष्ट्रिय वाणिज्य वैंक परिवार अपूर्व गौरव र जिम्मेवारीको दोभानमा उत्शुकतापूर्वक उभिएको छ । यस अवसरमा राष्ट्रिय वाणिज्य बैंकमा स्थीर र सक्षम व्यवस्थापनको आवश्यकताप्रति गंभीर भई सो को व्यवस्था निम्ति ऐतिहासिक एवं सार्थक पहल गर्ने नेपाल सरकार, नेपाल राष्ट्र वैंक, प्रमुख कार्यकारी अधिकृत छनोट समिति, राष्ट्रिय वाणिज्य बैंक संचालक समिति ,कर्मचारी संघ संगठनहरू ,सम्पूर्ण कर्मचारीहरू लगायत तमाम शुभेच्छुक महानुभावहरूमा राष्ट्रिय वाणिज्य बैंक हार्दिक आभार प्रकट गर्दछ । साथै बैंकको ४७ औ वर्ष प्रवेशको अवसरमा राष्ट्रिय वाणिज्य बैक सम्पूर्ण सरोकारवालाहरूप्रति हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा अरु बढी गुणस्तरयुक्त सेवा प्रवाह गर्ने प्रतिवध्दता प्रकट गर्दछ ।

## वधाई



व्यवस्थापन शास्त्र, कृषि विज्ञान र समाजशास्त्रका अध्येता, व्यवहारिक व्यवस्थापनका कुशलतम प्रयोक्ता, राष्ट्रिय वाणिज्य वैंककै कर्मचारीमध्ये र खुल्ला प्रतिष्पर्धाबाट प्रमुख कार्यकारी अधिकृतमा चयन भई राष्ट्रिय वाणिज्य बैंकको इतिहासमै दोहोरो अभिलेख कायम गर्न सफल हुनुभएका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्मालाई हार्दिक वधाई ज्ञापन गर्दैछौं । यस समाचारका प्रमुख सल्लाहकार समेत रहनुभएका श्री शर्माद्वारा बैंकको सूचना प्रवाह तथा प्रवर्द्धनका क्षेत्रमा अमूल्य मार्गनिर्देशनको अपेक्षा दोहराउंदै राष्ट्रिय वाणिज्य वैंकको समग्र विकास र राष्ट्रिय अर्थतन्त्रको सुदृढिकरण निम्ति बैंकको भूमिका अभिवृध्दिका दिशामा उहांको कार्यकालको पूर्ण सफलताको कामना गर्दछौं ।

**राष्ट्रिय वाणिज्य बैंक समाचार, परिवार**

**श्रीमान् सम्पादकज्यू**
**राष्ट्रिय वाणिज्य वैंक समाचार**

**राष्ट्रिय वाणिज्य वैक समाचारको वर्ष १९ अंक २ मा यूनियन गतिविधि अन्तर्गत प्रकाशित नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको केन्द्रीय परिषदको वैठक सम्पन्न अन्तर्गत प्रकाशित सामग्रिमा मैले स्वागत भाषण गरेको प्रसंग उल्लेख गरेको पाईन । यसैगरि वर्ष १९ अंक १ मा वी.पी.जयन्तीसम्बन्धी समाचारमा मैले सर्वोत्कृष्ठ अंक प्राप्त गर्ने विद्यार्थीको नाम घोषणा गरेको प्रसंग पनि छुटेको छ । दुबै अंकमा मेरो नाम छुटेको पाउंदा मैले पूर्वाग्रहको गन्ध पाई मन थाम्नै नसकी यो पत्राचार गरेको हुं । समाचार तयार पार्ने क्रममा आफै उपस्थित भएर तयार गरिन्छ या कसैसंग तयारी समाचार मागिन्छ या समाचारदाताको गल्तिले हो वा अरु नै केही हो ? जवाफ पाउन सक्छु कि ?**

**(दिनेश कुमार शर्मा)**
**वरिष्ट उपाध्यक्ष**
**नेपाल वित्तिय संस्था कर्मचारी संघ,**
**रावावैंक केन्द्रीय समिति**

(राष्ट्रिय वाणिज्य बैंक समाचारलाई कुनै व्यक्ति, समूह या कुनै पनि आस्थाको आग्रह पूर्वाग्रहको संकिर्णताबाट मुक्त राख्ने हाम्रो प्रतिवध्दतामा शंका नगर्न आग्रह छ । सत्य र तथ्यपरक समाचार पस्कन बैंक समाचार निरन्तर प्रयत्नशील रहंदारहंदै एक दुई स्थानमा केही महत्वपूर्ण व्यक्तिको नाम छुट हुन गएकोमा दुःख व्यक्त गर्दै समाचार संपादनमा भएका असावधानीलाई सामान्य रूपमा ग्रहण गरी सुधारनिम्ति हामीलाई औल्याउनुहुन अनुरोध छ । उक्त समाचारमा आयोजक संघका दोश्रो कार्यकालका ऐतिहासिक अध्यक्ष उध्दव गौतमको नाम समेत छुट्न गएको छ, (यस बारेमा महेश पोखेलजीबाट प्राप्त प्रतिक्रियालाई अमूल्य सुझावको रुपमा लिएका छौं) । ३० गतेको समुद्घाटन सत्रलाई आधार मानी समाचार तयार पारिएको र लगत्तै छपाईमा लगिएको हुंदा उध्दव गौतमको नाम छुट हुन गएको हो । जहाँसम्म समाचार श्रोतको प्रसंग उठाउनुभएको छ केन्द्रीय समितिले आयोजना गर्ने बैंकका प्रमुख कार्यकारी वा वैक व्यवस्थापनका प्रतिनिधिको आतिथ्य रहने यस समाचारसमेत आमन्त्रित रहेको कार्यक्रममा हामीले यथासम्भव स्वयम् रिपोर्टिंग गर्दछौ, तर सो संभव नहुने अवस्थामा सम्वन्धित यूनियनसंग सम्पर्क गरि प्राप्त सूचनाको आधारमा सामग्रि तयार पार्दछौं, त्यो देखि वाहेक अरु हाम्रो सम्पर्क सुत्र छैन, यस बैंकको कर्मचारी र यूनियनको महत्वपूर्ण जिम्मेवारीमा रहेको कारणले दिनेशजी तपाईसमेत सूचनाको श्रोत हुनुहुन्छ । आगामी दिनमा यूनियन गतिविधिमा शुध्दता निम्ति कार्यक्रम सम्पन्न भएको ३ दिनभित्र यस समाचारलाई सामग्री पठाउने व्यवस्था मिलाउनु हुन समेत पुन : अनुरोध छ । -सम्पादक)

## राष्ट्रिय वाणिज्य बैंक समाचारको अनुरोध

राष्ट्रिय वाणिज्य बैंक समाचार तपाई हाम्रै समाचार हो । रावावैक समाचारको नियमित प्रकाशनको लागि बैंकका गतिविधिबारे सूचना तथा जानकारी आवश्यक हुने र त्यस प्रयोजनका लागि विभिन्न स्थानमा रिपोर्टरको व्यवस्था नगरिएको हुंदा सूचनाका श्रोतको रुपमा रहेका यस बैंकका विभिन्न शाखा कार्यालय, क्षेत्रीय कार्यालय, केन्द्रीय कार्यालयका विभाग, कम्पनी सचिवालय तथा यूनियनका केन्द्रीय समितिहरुलाई कुनै पनि कार्यक्रम आयोजना गर्नु पूर्व स्थानविशेषको आधारमा कम्तिमा २४ घन्टा पहिले यस समाचारलाई खवर गर्नुहुन या कार्यक्रम सम्पन्न भएको ३ दिनभित्र कार्यक्रम सम्बन्धी विवरण तथा तस्वीर तलको ठेगानामा पठाई समाचार संकलनमा सहयोग गर्नुहुन अनुरोध छ ।

**सम्पादक**

**राष्ट्रिय वाणिज्य बैंक समाचार**
**राष्ट्रिय वाणिज्य बैंक**
**केन्द्रीय कार्यालय**
**सामान्य सेवा विभाग**
**सिंहदरवार प्लाजा काठमाडौं, ईमेल :** rbbnl@rbb.com.np
**फ्याक्स : ४२४९५६५**

# राष्ट्रिय वाणिज्य बैंक :
# विभिन्न क्षेत्रमा प्रवन्धकस्तरीय गोष्ठी सम्पन्न

## काठमाडौं क्षेत्र

**मंसिर २९ थापाथली**

राष्ट्रिय वाणिज्य बैंकको कुल कारोवारमा आधाभन्दा बढी हिस्सा ओगट्ने काठमाडौं क्षेत्रका ३५ वटा मुख्य/शाखा प्रवन्धकहरूको सहभागितामा गत आ.व.देखि हालसम्मको कार्यसम्पादन समीक्षा तथा चालु आ.व.०६८।०६९ बांकी अवधिको लक्ष्य सम्बन्धी त्रिदिवशीय प्रवन्धक स्तरीय गोष्ठी हालै




काठमाडौंमा सम्पन्न भयो । बैंकको शीर्ष तहका व्यवस्थापकहरू, विभागीय प्रमुखहरू समेतको समुपस्थितिमा आयोजित गोष्ठीको समापन समारोहमा राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष नरहरि ढकालले देशकै ठूलो र पूर्ण सरकारी राष्ट्रिय वाणिज्य बैंक देशमा बढ्दो वेरोजगारी र विद्यमान गरिवीको भयावह अवस्थाबाट उदासीन हुन नसक्ने तथ्यलाई




हृदयंगम गरी बैंकको संस्थागत सामाजिक दायित्वलाई समेत मनन गरी देशका विपन्न वर्गलाई उपयुक्त हुने साना मझौला कर्जा सेवाको तत्काल प्रारूप तयार गर्न बैंक व्यवस्थापनलाई निर्देशित गर्नुभयो । सो अवसरमा अध्यक्ष श्री ढकालले बैंक सचालक समितिले हालै मार्गनिर्देश गरेको तात्कालिक कार्ययोजना कार्यान्वयनमा विभाग ,क्षेत्र तथा शाखागत तहका व्यवस्थापनको ध्यानाकर्षण गराउँदै बैंकको भाखा नाघेको कर्जा ५ प्रतिशत तल झार्ने,गुणस्तरीय कर्जा प्रवाहमा जोड दिने ,सम्पत्ति संरक्षण गर्ने, नयां प्रविधिको अधिकतम उपयोग गरी ब्रान्चलेस बैकिंग,मोवाईल बैकिंग,एस.एम. एस.बैकिंग लगायतका सेवा विस्तारमा जोड दिने मार्गनिर्देश गर्नु भयो ।

सो अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत शिवादेवी काफ्लेले कर्जा बैंकको मात्र जीवन नभई अर्थतन्त्रलाई गतिवान वनाउने एक महत्वपूर्ण औजार समेत रहेको परिप्रेक्ष्यमा गुणस्तरीय कर्जा प्रवाहमा बैंकले विशेष: जोड दिएको वताउँदै न्यून लागतको निक्षेप संकलन र साना तथा मझौला क्षेत्रमा कर्जा प्रवाहमा ध्यान केन्द्रित गर्न सहभागीलाई निर्देशित गर्नुभयो ।




बैंकका नायव महाप्रवन्धक कृष्णप्रसाद शर्माले बैकिंग वजार अस्थिर र ढुलमुल स्थितिबाट गुज्रिरहेको वर्तमान परिस्थितिमा बैंकको समग्र सन्चालन कार्यदक्षता बढाउन बैंकका सेवाहरूको मूल्य निर्धारण,गुणस्तर र निक्षेप मिश्रणको छनोटमा चनाखो हुनुपर्ने वताउँदै यतिबेला दीर्घकालीन कर्जाको संभाव्यता न्युन रहेको हुंदा धितो समर्थित अल्पकालिन कर्जा प्रवाहमा ध्यान पुराउन शाखा प्रवन्धकहरूलाई निर्देशित गर्नुभयो । बैंकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझा, विभागीय प्रमुखहरू, मुख्य शाखा कार्यालय काठमाडौं, शाखा कार्यालय टेकु, सूर्यविनायक, ठमेल, कीर्तिपुर, रामेछाप, नक्शाल, धादिंग, वूढानिलकण्ठ, त्रि.अ.वि., वानेश्वर चरिकोट नाम्चेवजार, खरानीटार, गौशाला, भोटाहिटी, वनेपा, मैतीदेवी, विदुर,



थापाथली, कलंकी, लुक्ला, सिंहदरवार, मन्थली, सानोठिमी, सल्लेरी, ललितपुर, महाराजगन्ज ,वालाजु, ठिमी, पुल्चोक, धुलिखेल, खानीखोला, ठमेल गजुरी लगायतका शाखा कार्यालयको सहभागिता थियो । बैंकको केन्द्रीय कार्यालय ब्रान्च अपरेसन विभाग र तालीम तथा विकास विभागको आयोजनामा ब्रान्च अपरेसन विभागका प्रमुख भेषराज पन्थीको संयोजन तथा संचालनमा सम्पन्न उक्त समारोहमा शाखा कार्यालय भोटाहिटीका प्रवन्धक कैलाशमान प्रधानले सहभागीहरूको तर्फबाट मन्तव्य दिनुभएको थियो ।

## पोखरा क्षेत्र

**मंसिर १३ पोखरा**

पोखरा क्षेत्रमा रहेका राष्ट्रिय वाणिज्य बैंकका २३ शाखा प्रवन्धकहरूको सहभागितामा गत आ.व.देखि हालसम्मको कार्यसम्पादन समीक्षा तथा चालु आ.व.०६८।०६९ बांकी अवधिको लक्ष्य सम्बन्धी त्रिदिवशीय प्रवन्धक स्तरीय गोष्ठी पोखरामा सम्पन्न भयो । सो गोष्ठीको समापन समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत शिवादेवी काफ्लेले राष्ट्रिय वाणिज्य बैंक पोखरा क्षेत्रमा भाखा नाघेको कर्जा २ प्रतिशतभन्दा न्यून रहेको र समग्र कार्यसम्पादन अत्यन्त राम्रो रहेकोमा प्रशन्नता व्यक्त गर्दै यस क्षेत्रमा दक्ष कर्मचारीको

व्यवस्था मिलाई बैंक व्यवसाय विस्तारको पहल गरिने वताउनुभयो । सो अवसरमा बैंकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाले राष्ट्रिय वाणिज्य बैंक सामु ठूला ठूला शक्तिशाली चुनौतीहरू रहेतापनि वलवान आशा र कठोर मेहनतबाट सबै चुनौतीलाई अवसरमा वदलिने धारणा राख्नुभयो । सो अवसरमा श्री ओझाले सहभागीलाई कर्जा प्रवाह र गैह कोषगत व्यवसाय (नन् फण्डिंग विज्नेस) मा जोड दिन तथा ग्राहक सेवालाई स्तरीय बनाउन निर्देशित गर्दै शाखाको समग्र कार्यसम्पादन प्रभावकारी बनाउन प्रस्ताव



तयार गरी केन्द्रमा पठाउन आग्रह गर्नुभयो ।

कर्जा विभागका प्रमुख गोपालचन्द्र शर्माले उक्त कार्यक्रमले बैंकको पछिल्लो अवस्थावारे जागरुक बनाएको वताउँदै बैंकका सबै तहका व्यवस्थापक तथा कर्मचारीको सामुहिक सहभागिताबाट जस्तासुकै चुनौतीहरू पार गर्न सकिने वताउनुभयो । ब्रान्च अपरेसन विभागका प्रमुख भेषराज पन्थीले शाखा संचालनलाई बढी प्रभावकारी बनाउन तत्कालै म्यानुअल परिवर्तन गर्न लागिएको तथा शाखाको भौतिक अवस्था सुधारका लागि पहल शुरु गरिने जानकारी दिनुभयो । वित्त विभागका प्रमुख नारायण बहादुर अधिकारीले सरकारी कारोवारलाई भारको रूपमा नलिई यौटा आकर्षक व्यवसायको रूपमा लिनुपर्ने वताउँदै बैंकका सबै हरहिसावहरू अद्यावधिक राख्नुपर्ने आवश्यकता औंल्याउनुभयो । सामान्य सेवा विभागका प्रमुख मनमोहन प्रसाद भण्डारीले शाखालाई आवश्यक पर्ने कम्प्युटर ,फयाक्स, एटिएम, सोलार लगायतका सुविधा समयमानै उपलब्ध गराउने प्रयत्नको वावजुद नियमावलीगत प्रकृया पूरा गर्नुपर्ने कारणले केही ढिलाई हुन गएतापनि खरिद तथा प्राप्ति प्रकृयालाई द्रुतता दिन विभाग अथक: प्रयत्नशील रहेको वताउनुभयो ।

उक्त कार्यक्रममा क्षेत्रीय प्रवन्धक श्री ओमप्रकाश आचार्यले आ.व.०६७।०६८को क्षेत्रगत प्रगति र आ.व.०६८।०६९ को प्रक्षेपित लक्ष्यको प्रतिवेदन प्रस्तुत गर्दै निर्धारित लक्ष्य हासिल निम्ति क्षेत्रीय कार्यालयको तर्फबाट हरसम्भव सहयोग गरिने वताउनुभयो । सो कार्यक्रममा सहभागीको तर्फबाट शाखा कार्यालय भैरहवाका प्रवन्धक नर्वदेश्वर पाठकले गोष्ठी उपलब्धिमूलक भएको धारणा राख्नुभयो ।

यसअघि कर्जा विभागका प्रमुख गोपालचन्द्र शर्मा र चा.ए. भुपेन्द्र पाण्डेले गुणस्तरीय कर्जा लगानी सम्वन्धमा कर्जा असुली तथा पुनसंरचना विभागका प्रमुख नरेशराज अर्यालले असुली व्यवस्थापन सम्वन्धमा र सुचना तथा प्रविधि विभागका प्रमुख कपिल ज्ञवालीले पुमोरी तथा सूचना प्रविधि सम्वन्धमा सि.ए.विमल डंगोलले कर सम्बन्धमा सहभागीलाई पुनर्ताजगी प्रशिक्षण (रिफ्रेसर शेयरिंग) दिनु भएको थियो ।

(धुव अर्यालको सहयोगमा तयार पारिएको सामग्रि )

## विराटनगर क्षेत्र

**मंसिर ५ विराटनगर**

विराटनगर क्षेत्रमा रहेका राष्ट्रिय वाणिज्य बैंकका शाखा प्रवन्धकहरूको सहभागितामा गत आ.व.देखि हालसम्मको कार्यसम्पादन समीक्षा तथा चालु आ.व.०६८।०६९ बांकी अवधिको लक्ष्य सम्बन्धी त्रिदिवशीय प्रवन्धक स्तरीय गोष्ठी विराटनगरमा सम्पन्न भयो । गोष्ठीकै अवसर पारी सहभागीलाई ३ गते सुचना प्रविधि विभाग र आन्तरिक लेखा परीक्षण विभाग सम्बन्धी कम्प्युटरमा हुने कारोवार र आई.एस.अडिटबारे प्रशिक्षण दिईएको थियो भने ४ गते विभिन्न विभागको काम कारवाही सम्बन्धमा शाखा र विभागका प्रमुख तथा प्रतिनिधिहरूबीच अन्तरक्रिया भएको थियो । सो गोष्ठीमा प्रमुख अतिथि प्रमुख कार्यकारी अधिकृत श्रीमती शिवादेवी काफ्लेले हाम्रो बैंक राम्रो बैंक भन्ने नारालाई साकार पार्न सहभागीलाई आग्रह गर्नुभयो ।

राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय विराटनगरका प्रवन्धक सुरेन्द्र कुमार वजिमयोको सभापतित्वमा सम्पन्न उक्त गोष्ठीमा ब्रान्च अपरेसन विभागका प्रमुख भेषराज पन्थी, सामान्य सेवा विभागका प्रमुख मनमोहनप्रसाद भण्डारी ,कर्जा विभागका प्रमुख गोपालचन्द्र शर्मा,मुख्य अधिकृत सुशिल श्रेष्ठ, सुचना प्रविधि विभागका प्रमुख कपिलमणि ज्ञवाली , अन्तर शाखा हिसाव मिलान विभागका प्रमुख दिलिप पोखेल ,कर्जा असुली तथा पुनसंरचना विभागका सि.ए.विनय रमण पौडेल,वित्त विभागका सि.ए. विमल डंगोल, आन्तरिक लेखा परीक्षण विभागका ना.मु.अ. देवेन्द्र खनाल र ले.अ. बलभद्र खनाल,सूचना प्रविधि विभागका प्रा.अ.गगनसिंह घिमिरे आआफनो विभागबाट भए गरेका प्रयास र शाखाहरूले पछ्याउनुपर्ने कार्यनीति सम्बन्धमा सहभागीमाझ विचार विनिमय गर्नुभएको थियो ।

स्थानीय रत्न होटलमा ना.मु.अ. भैरव बहादुर हमालको संचालनमा सम्पन्न उक्त गोष्ठीको समापन सत्रमा सहभागीको तर्फबाट शाखा कार्यालय इटहरीका प्रवन्धक वीरेन्द्र थापा र लेखा अधिकृत रीता अधिकारीले मन्तव्य दिनुभएको थियो ।




## नेपालगन्ज क्षेत्र

**मंसिर २३, नेपालगन्ज**

क्षेत्रीय कार्यालय, नेपालगंज अन्तरगतका शाखा कार्यालयहरूका प्रवन्धकहरूको गत आ.व. ०६७।०६८ को समिक्षा गोष्ठी मिती २०६८।२१,२२ र २३ गते स्थानीय होटल किचन हटमा सम्पन्न भयो । सो कार्यक्रम अनुसार २०६८।८।२१ र २२ गते सूचना प्रविधि ,आन्तरिक लेखा परिक्षण,कर्जा असुली सम्वन्धि तालिम तथा छलफल र मिती २०६८।८।२३ का दिन विविध छलफल र अन्तरकिया कार्यकम भएको थियो । सो कार्यक्रममा त्यस क्षेत्र अन्तर्गतका सम्पूर्ण शाखाका प्रवन्धकहरू, क्षेत्रीय कार्यालयका इकाई



इन्चार्जहरू सूचना तथा प्रविधी विभागका प्रमुख, ट्रेजरी विभागका प्रमुख, वित्त विभागका प्रमुख कर्जा असुली तथा पुनरसंरचना विभागका प्रमुख, कर्जा विभागका मुख्य अधिकृत श्री सुशिल श्रेष्ठ, हिसाब मिलान कार्यदलका का.मु.मु.अ., आ.ले.प. विभागका उपप्रमुख लगायतका महानुभावको समुपस्थिती रहेको थियो । प्रमुख कार्यकारी अधिकृत शिवा देवी काफ्लेको प्रमुख आतिथ्य र नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाको विशेष आतिथ्य रहेको सो कार्यक्रमको सभापतित्व आयोजक राबाबैंक क्षेत्रीय कार्यालय नेपालगंजका प्रमुख टेकराज जोशीले गर्नु भएको थियो ।

# विभिन्न स्थानमा रावाबैंकको शाखा पुनर्स्थापना

**शाखा कार्यालय रातामाटा**
मंसिर २६ रातामाटा

वि.सं.२०३९ मा स्थापना भई सुरक्षाका कारण ०५८ वैशाखमा विस्थापित भएको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय रातामाटा हालै पुनर्स्थापना भएको छ । बैंकको १३२ औं शाखाको रूपमा शुरुदेखि नै कम्प्युरकृत रूपमा संचालन हुने उक्त शाखाको अर्थ राज्य मन्त्री हरिराज लिम्बु र युवा तथा खेलकुद राज्यमन्त्री गोपी बहादुर अछामीले एक विशेषः समारोहका बीच संयुक्त रूपमा समुद्घाटन गर्नुभयो । सो अवसरमा अर्थ राज्यमन्त्री हरिराज लिम्बुले देशका सबै स्थानमा वाणिज्य बैंकका शाखा विस्तार गर्ने सरकारी नीति अनुरूप राष्ट्रिय वाणिज्य बैंकको यस शाखा पुनर्स्थापित गरिएको वताउँदै पुनर्स्थापित शाखासंग कारोवार गरि लाभान्वित हुन स्थानीय जनसमुदायलाई आग्रह गर्नु भयो । सो अवसरमा युवा तथा खेलकुद राज्यमन्त्री गोपी बहादुर अछामीले द्वन्द्वकालमा वन्द हुन पुगे पनि देशमा शान्ति वहाल भए पश्चात जनताकै नासोको रूपमा रावावैंक पुनस्थापित गरिएको वताउँदै पुनस्थापित यस शाखाबाट यस क्षेत्रको आर्थिक सामाजिक विकासमा प्रचुर सहयोग पुग्ने विश्वास प्रकट गर्नुभयो । सो अवसरमा सभापतिको आसनबाट राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष नरहरि ढकालले राष्ट्रिय वाणिज्य बैंकले बजारमा ल्याएका विभिन्न आकर्षक निक्षेप खाताहरूमा वचत गरी एवं विभिन्न साना मझयौला कर्जा सेवाहरू उपयोग गरि आफ्नो र राष्ट्रकै श्रीबृध्दिमा सघाउन स्थानीय जनसाधारण तथा उद्यमी व्यवसायीसंग आग्रह गर्नुभयो ।

राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय ब्रान्च अपरेसन विभागका प्रमुख भेषराज पन्थीको संयोजन तथा संचालनमा सम्पन्न उक्त समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत शिवादेवी काफ्ले र नायव महाप्रवन्धक कृष्णप्रसाद शर्माले बैंकले प्रदान गर्ने कुनै पनि शाखा बैकिंग ,रेमिटेन्स ,निक्षेप ,कर्जा सेवावारे प्रकाश पार्नुभएको थियो । सो अवसरमा सिन्धुली जिल्लाका प्रमुख जिल्ला अधिकारी वेणीमाधव ज्ञवाली ,वरिष्ठ पत्रकार सुरेश आचार्य ,स्थानीय क्याम्पस प्रमुख देवकुमार आचार्य, उद्योग वाणिज्य संघ सिन्धुलीका सभापति मिन बहादुर श्रेष्ठ, उद्योग वाणिज्य संघ रातामाटाका अध्यक्ष विश्वनाथ सूर्यवंशी लगायतका वक्ताले शुभकामना मन्तव्य दिनुभएको । केन्द्रीय कार्यालय ब्रान्च अपरेसन विभागका सहायक पांचौ मदन मोहन जोशीको उपस्थिति रहेको उक्त समारोहमा पुनस्थापित शाखा कार्यालयका प्रवन्धक महेश काफ्लेले सम्पूर्ण आमन्त्रित महानुभावलाई स्वागत गर्नुभएको थियो । देशको पूर्ण सरकारी वाणिज्य बैंकको नाताले बढी से बढी जनतालाई बैकिंग सेवा पुराउने बैंकको नीति अनुरुप शाखा विस्तार कार्यमा जुटिरहेको राष्ट्रिय वाणिज्य बैंकले पुस मसान्त सम्म थप ८ स्थानमा शाखा पुनस्थापना गरी बैंकको कुल शाखा संख्या १४० पुराउने लक्ष लिएको छ ।

**शाखा कार्यालय हनुमाननगर**
पुस ३ हनुमाननगर

सप्तरीको प्रमुख व्यापारिक केन्द्र हनुमाननगरमा सुरक्षाका कारण विस्थापित भएको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय हालै पुनर्स्थापना भएको छ । बैंकको १३३ औं शाखाको रूपमा शुरुदेखि नै पूर्णत कम्प्युरकृत रूपमा १३३ वटै शाखामा कुनै पनि शाखा सेवा (एनिब्रान्च बैकिंग सर्विस -एविविएस ) सहित संचालन हुने उक्त शाखाको स्थानीय उद्योगपति सीताराम कावराले यहां आयोजित एक विशेषः समारोहका बीच समुद्घाटन गर्नुभयो । राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय विराटनगरका प्रवन्धक सुरेन्द्र कुमार वजिमयोको सभापतित्वमा सम्पन्न उक्त समारोहमा प्रमुख अतिथि सीताराम कावराले शाखा पुनर्स्थापनाबाट यस क्षेत्रको आर्थिक सामाजिक विकासमा सकारात्मक प्रभाव पर्ने अपेक्षा दोहराउँदै बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना प्रकट गर्नुभयो । उद्योग वाणिज्य संघ पूर्वान्चलका उपाध्यक्ष श्रीराम कावरा ,सिंचाई कार्यालयका पूर्व डिभिजन इन्जिनियर मुक्तिनाथ झा लगायतका महानुभावको विशेषःआतिथ्यमा राष्ट्रिय वाणिज्य बैंक कर्मचारी सुमन सापकोटाको संचालनमा सम्पन्न उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय राजविराजका प्रवन्धक मनोज कुमार वर्माले स्वागत मन्तव्य दिनुभएको थियो ।

**शाखा कार्यालय खोटाङ्ग**
पुस २५ खोटाङ्ग

खोटाङ्ग जिल्लाको प्रमुख व्यापारिक केन्द्रहरूमध्ये एक खोटाङ्गबजारमा रावावैंकको १३४ औं शाखा कार्यालय पुनस्थापना गरिएको छ । उक्त पुनस्थापित शाखाको संविधान सभाका सदस्य हरि रोका र नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर महाप्रसाद अधिकारीले संयुक्त रूपमा एक समारोहका बीच समुद्घाटन गर्नुभयो । राष्ट्रिय वाणिज्य बैंकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझाको सभापतित्वमा क्षेत्रीय कार्यालय विराटनगरका प्रमुख सुरेन्द्रकुमार वजिमयोको सभापतित्वमा सम्पन्न उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय ट्रेजरी विभागका प्रमुख केशव लम्सालले राष्ट्रिय वाणिज्य बैंकबाट उपलव्ध गराईदैआएका सेवा सुविधा सम्वन्धमा प्रकाश पार्नुभएको थियो ।

### राष्ट्रिय वाणिज्य बैंकद्वारा थप ४ स्थानमा एटिएम विस्तार

राष्ट्रिय वाणिज्य बैंकले काठमाडौंको वानेश्वर,ललितपुरको पुल्चोक,भक्तपुरको सूर्यविनायक र झापाको भद्रपुरमा एटिएम सेवा विस्तार गरेको छ । यसैबीच बैंकको ३४ औ आउटलेटको रूपमा झापाको भद्रपुरमा जडान गरिएको एटिएम सेवाको राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय विराटनगरका प्रमुख सुरेन्द्र कुमार वजिमयोले हालै एक समारोहका बीच समुद्घाटन गर्नुभयो । झापाका सहायक प्रमुख जिल्ला अधिकारी योगेन्द्र दुलाल,उद्योग वाणिज्य संघ झापाका जिल्ला अध्यक्ष राजेन्द्र धिमिरेको विशेष आतिथ्य रहेको उक्त समारोहको सभापतित्व शाखा कार्यालय भद्रपुरका प्रवन्धक सदानन्द मेहताले गर्नुभएको थियो । शाखा कार्यालय भद्रपुरका आई.टि.फोकल प्वाईन्ट होम कार्कीको संचालनमा सम्पन्न उक्त समारोहमा सह लेखा अधिकृत शैलेन्द्र उप्रेती ,नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैंक क्षेत्रीय समितिका अध्यक्ष ईन्द्र रेग्मी, रावावैंक कर्मचारी संघ नेपालका क्षेत्रीय अध्यक्ष हेमराज सुवेदी लगायतका वक्ताले मन्तव्य दिनुभएको थियो ।

## समवेदना

यस बैंकको शाखा कार्यालय धनकुटाका सहायक पांचौ शान्ता लक्ष्मी श्रेष्ठ (५००८) कि माता मायादेवी श्रेष्ठको मिति २०६८।७२मा, शाखा कार्यालय मिर्चैयाका सहायक पांचौ माधव प्रसाद उपाध्याय (८७८७) को माता ललिता देवी तिमिल्सीनाको मिति २०६८।८।१३ मा, शाखा कार्यालय परासीका सहायक पांचौ श्याम वहादुर भट्ट (९३३१) का पिता पृथ्वी वहादुर भट्टको मिति २०६८।७।२९मा, शाखा कार्यालय विर्तामोडका सहायक पांचौ डिल्ली प्रसाद तामाङ (७६२०) को पिता हस्त वहादुर तामाङको मिति २०६८।८।३ मा, शाखा कार्यालय जनकपुरका सहायक चौथो राम देव ठाकुर (६७०५) की माता पवित्री देवी ठाकुरको मिति ०६८।७।२३ मा, शाखा कार्यालय वर्दिवासका प्रवन्धक अनन्त कुमार भेटवाल (९८४७) का पिता राधाकृष्ण भेटवालको मिति २०६८।७।२२ मा, शाखा कार्यालय वर्दिवासका वरिष्ठ वाहक परशुराम माझी (८०७०) की माताको मिति २०६८।९।२२ मा, शाखा कार्यालय हेटौडाका प्रवन्धक उत्तम प्रसाद तिमिल्सीना (१००१६) की माता गोप कुमारी तिमिल्सीना, शाखा कार्यालय महाराजगंजका सहायक चौथो गोपालबहादुर के.सी. (८६१५) की पूर्ण कुमारी के.सी. खत्री र केन्द्रीय कार्यालय मानवसंसाधन विभागका स.ले.अ. श्रीमती कुन्जा रायमाझी (३६५०) की माता कमला शर्माको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरूको चिरशान्तिको निम्ति परमेश्वरसंग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK Ltd.

**राष्ट्रिय वाणिज्य बैंक**
परिवार

### तालीम

राष्ट्रिय वाणिज्य बैंक तालीम तथा विकास विभागद्वारा विभिन्न विषयमा विभिन्न मितिमा तालीम कार्यक्रमहरू आयोजना गरिएको जानकारी तालीम तथा विकास विभागका उपप्रमुख मित्रलाल पंज्ञानी र लेखा अधिकृत शिवराम पौडेलले बैंक समाचारलाई दिनुभएको छ । यस क्रममा १५० जना आई.टि.फोकल प्वाईन्ट को सहभागिता रहेको सूचना तथा प्रविधिसम्वन्धी त्रिदिवशीय तालीम कार्यक्रम मार्ग ९ गते भरतपुरमा र १७० जना आई.टि.फोकल प्वाईन्ट को सहभागिता रहेको सूचना तथा प्रविधिसम्वन्धी त्रिदिवशीय तालीम कार्यक्रम पुस ९ गते भरतपुरमा सम्पन्न भएका छन् । यसैगरि आई. टि.अफिसरको सहभागितामा तनाव व्यवस्थापन र सकारात्मक सोंच सम्बन्धी १ दिवशीय तालीम कार्यक्म मार्ग २४ गते काठमाडौंमा सम्पन्न भएको जानकारी सम्वध्द श्रोतबाट प्राप्त भएको छ ।

### विभागीय कारवाही

| सि.नं. | पद | नाम | विषय | सम्वन्धित कार्यालय | भएको कारवाही |
|---|---|---|---|---|---|
| १ | सह लेखा अधिकृत | श्री सूविल कूमार राई (९८११) | नोट कोष तथा ढूकूटी भित्र रहेको नगद मौज्दात हिनामिना गरेको सम्वन्धमा । | गूलरिया | सम्पुर्ण ग्रेड घटूवा । |
| २ | लेखा अधिकृत | श्री अनिल कूमार मल्ल (१०११९) | नोट कोष तथा ढूकूटी भित्र रहेको नगद मौज्दात हिनामिना गरेको सम्वन्धमा । | गूलरिया | बैंक सेवावाट वर्खास्त गरेको । |

(नोट : यस अंकमा स्थानाभावको कारणले कर्मचारी सरुवा विवरण समावेश गर्न नसकिएको व्यहोरा अनुरोध छ । -सम्पादक)

### यूनियन गतिविधि

## नेपाल राष्ट्रिय कर्मचारी संगठन रावावैंक : छैठौं वर्ष प्रवेश समारोह

पुस २१ काठमाडौं

नेपाल राष्ट्रिय कर्मचारी संगठन रावावैंक केन्द्रीय समितिद्वारा संगठन स्थापनाको छैठौं वर्ष प्रवेशको अवसरमा केन्द्रीय कार्यालय परिसरमा शुभकामना आदान प्रदान तथा चियापान कार्यक्रमको आयोजना गरियो । सो अवसरमा विशेष अतिथि रावावैंक संचालक समितिका सदस्य तथा निवर्तमान प्रमुख कार्यकारी अधिकृत शिवादेवी काफ्लेले संगठन संरुथा र कर्मचारीको हीत संरक्षण निम्ति विवेकपूर्ण ढंगले अघि बढोस् भन्ने शुभकामना सहित आफू जहां रहे पनि कुनै न कुनै रूपमा रावावैंकलाई सहगोग गरिरहने प्रतिवध्दता प्रकट गर्नुभयो । विशेष: अतिथि राष्ट्रिय वाणिज्य वैंक संचालक समितिका सदस्य वालचन्द्र श्रेष्ठले कर्मचारीका



मागहरूप्रति संचालक समिति सकारात्मक रहेको वताउँदै यो कुराभन्दा बढी काम गर्नुपर्ने बेला रहेको वताउनुभयो । रावावैंकमा ३ वटा यूनियन मिलेर राष्ट्रलाई नै एक मेलमिलापको सन्देश दिएको बताउँदै संचालक श्री श्रेष्ठले बैंकभित्रकै कर्मचारीमध्ये प्रमुख कार्यकारी अधिकृत नियुक्त हुनु सबैको निम्ति सम्मानको विषय भएको र यो यौटा महान प्रकृयाबाट विगतको परम्परामा क्रमभंग भएको र यो क्रमभंगताबाट बैंकको समग्र अवस्थामा महान परिवर्तन हासिल हुने अपेक्षा प्रकट गर्नुभयो ।

सो अवसरमा नवनियुक्त प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले संगठनले स्थापनाको छोटो अवधिमा नै संस्था र कर्मचारीको पक्षमा देखाएको सक्रियताको सराहना गर्दै आगामी दिनमा संस्था र कर्मचारीको हीतमा उपलविध्मूलक कार्यहरू गर्न यस संगठनलाई सफलता मिलोस् भन्ने शुभकामना प्रकट गर्नुभयो । रावावैंकका हरेक कर्मचारी सांकेतिक रूपमा प्रमुख कार्यकारी अधिकृत रहेकोले आफ्नो जिम्मेवारीप्रति सजग रहनुपर्ने वताउदै प्रमुख कार्यकारी अधिकृत श्री शर्माले रावावैक सामु रहेका हरेक चुनौती फरक ढंगले सामना गरी राष्ट्रको चातुर्दिक विकासमा यस बैंकको योगदान बढाउनुपर्ने वताउनुभयो । बैंकभित्रकै कर्मचारी बैकको प्रमुख कार्यकारी अधिकृत हुनु पर्छ भन्ने भावनाबाट बैंक कर्मचारीले पुऱ्याएको योगदान निम्ति सबै कर्मचारीलाई धन्यवाद ज्ञापन गर्दै व्यवस्थापनले संस्थाको क्षमताले भ्याएसम्म सुविधा बृध्दि गरी कर्मचारीको मनोवल उकास्ने आश्वासन दिनुभयो ।

आयोजक संगठनका केन्द्रीय अध्यक्ष अमृत बहादुर अधिकारीको सभापतित्व एवं महासचिव अग्र बहादुर विष्टको संचालनमा सम्पन्न उक्त कार्यक्रममा ने.रा.क.सं.महासंघका उपाध्यक्ष मणिरत्न श्रेष्ठ,ने.रा.क.सं. वैक तथा वित्तिय क्षेत्र राष्ट्रिय समितिका अध्यक्ष अर्जुन कार्की, नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय समितिका अध्यक्ष उध्दव प्रसाद गौतम, राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका उपाध्यक्ष मोतीराम भट्टराईले शुभकामना मन्तव्य दिनुभएको थियो । सशस्त्र द्वन्द्वका क्रममा शहादत प्राप्त गर्ने यस बैंकका कर्मचारी स्व.ध्रुव बाबु तिवारीको तस्वीरमा माल्यार्पण गरी आरम्भ भएको सो कार्यक्रमको अन्तमा आयोजक संगठनका वरिष्ट उपाध्यक्ष राजेन्द्र कार्कीले धन्यवाद मन्तव्य दिनुभएको थियो ।

संगठनको वर्ष प्रवेश भएतापनि प्रमुख कार्यकारी अधिकृतको विदाई तथा स्वागतको संयोग जुटेको सो समारोह वार्षिकोत्सव भन्दा पनि स्वागत तथा विदाई समारोह प्रतीत हुन्थ्यो । त्यसमाथि ' चिसो हावा चिसो पानी, न्यानो आत्मियता न्यानो ओत, त्यहि त हो सिमिकोट' भन्ने भावमा लक्ष्मी ऐडिद्वारा वाचित कविताले एकैछिन भएपनि श्रोतालाई पुसको चिसोमा कठयांग्रिएको राजधानी काठमाडौबाट नेपालको दुर्गम जिल्ला हुम्लाको सदरमुकाम सिमिकोटसम्म पुराएको थियो ।

## "राष्ट्रिय वाणिज्य बैंकमा संस्थागत सुशासन र हालको अवस्था" विषयक अन्तरक्रिया सम्पन्न

पुस २५ काठमाडौं

नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंक लि.केन्द्रीय समितिद्वारा संगठनको छैठौं वार्षिकोत्सव मनाउने सिलसिलामा "रावावैंक लि. मा संस्थागत सुशासन र हालको अवस्था" विषयक बृहत अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । राष्ट्रिय योजना आयोगका सदस्य जनक





राज शाहको प्रमुख आतिथ्यमा रावावैंकका प्रमुख सरोकारवालाहरूको भव्य उपस्थितिमा सम्पन्न उक्त समारोहमा आयोजक संगठनका सल्लाहकार तथा रावावैंकका सेवा निवृत्त अधिकृत खोमदत्त वरालले प्रस्तुत विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत कार्यपत्र र टिप्पणीकर्ताहरूको टिप्पणी उपर टिप्पणी गर्दै प्रमुख अतिथि जनकराज शाहले बैकिंग व्यवसाय संस्थागत सुशासनलाई महत्व दिनुपर्ने व्यवसाय भएकोले बैंकहरूले छिटो छरितो चुस्त दुरुस्त सेवा प्रवाह , कारोवारमा अन्तरनिहित खतराको समुचित व्यवस्थापन ,सरोकारवालाको हीत प्रवर्द्धन तथा स्वयम नियमनजस्ता अहम तत्वको परिपालनाबाट संस्थाको संस्थागत सुशासन कायम (वाह्य निजिकरण होईन आन्तरिक निजीकरण) गरिनुपर्ने वताउनुभयो । राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष नरहरि ढकालले प्रस्तुत कार्यपत्रले मार्गनिर्देश गरेका बैंकले विशेष ध्यान दिनुपर्ने महत्वपूर्ण क्षेत्रको पहिचान एवं सो को  कार्यान्वयन कार्ययोजना तयार गरी कार्यरूपमा लैजान रावावैंक व्यवस्थापनलाई निर्देशित गर्नुभयो । राष्ट्रिय वाणिज्य बैंकका नवनियुक्त प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले संस्थागत सुशासनको राष्ट्रिय परिवेशबाट रावावैंकको संस्थागत सुशासनलाई अलग गरी हेर्न नमिल्ने , रावावैंकमा सुशासनको अवस्था अन्य संस्थाहरूकोभन्दा संतोषजनक पाईएको वताउंदै सुधारको आवश्यकता रहेको क्षेत्रमा बैंकले पहल गर्ने प्रतिवध्दता प्रकट गर्नुभयो । राष्ट्रिय वाणिज्य बैंकको खुद पूंजीलाई सकारात्मक बनाउन सरकार र नेपाल राष्ट्र बैंकबाट सहयोगको अपेक्षा दोहराउंदै प्रमुख कार्यकारी अधिकृत श्री शर्माले सरकार र जनताका अपेक्षा पूरा गर्न रावावैंकलाई एक पेशेवर सक्षम बैंकको रूपमा विकास गर्ने दिशामा आवश्यक कदमहरू अघि बढाईने र एक वर्षभित्रै रावावैंकको समग्र अवस्थामा सबै सरोकारवालालाई आमूल सुधारको अनुभूति दिलाईने प्रतिवध्दता प्रकट गर्नुभयो ।

सो कार्यक्रममा नेपाल चेम्वर अफ कमर्सका सदस्य निरज राई ,राष्ट्रिय वाणिज्य बैंक कर्जा विभागका प्रमुख गोपालचन्द्र शर्मा, कृषि विकास बैंकका विभागीय प्रमुख शिव अधिकारी,नेपाल राष्ट्र बैंक बैंक तथा वित्तिय संस्था नियमन विभागका उप निर्देशक राजनविक्रम थापा,त्रि.वि.अर्थशास्त्र विभागका उपप्राध्यापक तथा राष्ट्रिय आर्थिक सरोकार समाजका उपाध्यक्ष खगेन्द्र कटुवाल र सहभागीमध्ये रावावैक ट्रेजरी विभागका उपप्रमुख गुप्त बहादुर रानाले प्रस्तुत कार्यपत्र उपर टिप्पणी गर्नुभएको थियो । आयोजक संगठनका केन्द्रीय अध्यक्ष अमृत बहादुर अधिकारीको सभापतित्वमा महासचिव अग्रवहादुर विष्टको संचालनमा थापाथलीस्थित रावावैंक तालीम तथा विकास विभागको सभाकक्षमा  सम्पन्न उक्त कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका सदस्यहरू श्रीमती शिवादेवी काफ्ले र पितृभक्त पोखेल ,राष्ट्रिय वाणिज्य बैंकका विभागीय प्रमुख तथा वरिष्ठ अधिकृतहरू, राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल केन्द्रीय समितिका अध्यक्ष नारायण प्रसाद सुवेदी, नेपाल वित्तिय संस्था कर्मचारी संघ रावावैंक केन्द्रीय समितिका वरिष्ठ उपाध्यक्ष दिनेशकुमार शर्मा लगायत बैंक कर्मचारी र पत्रकारको उल्लेख्य उपस्थिति थियो ।

# राष्ट्रिय वाणिज्य बैंक र विद्यार्थी वित्तिय सहयोग कोष संचालन समितिबीच सम्झौता विस्तार

पुस १२ काठमाडौं

जेहन्दार तथा सीमान्तकृत विद्यार्थीलाई छात्रवृत्ति उपलव्ध गराउने उद्देश्यले राष्ट्रिय वाणिज्य बैंक र विद्यार्थी वित्तीय सहयोग कोषको सहकार्यमा विगत ३ वर्ष यता संचालन हुंदै आएको शैक्षिक सहयोग परियोजनाको अवधि समाप्त भएकोमा आगामी ३ वर्ष सहकार्य गर्ने संझौता सम्पन्न भएको छ । राष्ट्रिय वाणिज्य बैंक कोष प्रशासक रहेको उक्त कार्यक्रम अव जनवरी १५ ,२०१४ सम्म लागू हुने छ । सो सम्वन्धी संझौतापत्रमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत शिवादेवी काफ्ले र कोषका का.मु.प्रमुख कार्यकारी अधिकृत प्रकाश घिमिरेले एक संक्षिप्त समारोहका बीच हस्ताक्षर गर्नुभयो ।  स्मरण रहोस, उक्त कार्यक्रम लागू भएको ३ वर्षको अवधिमा विभिन्न तहमा गरी कूल २३३१ विद्यार्थीले छात्रवृत्ति हासिल गरेका  छन् भने यस वर्ष ५५०० विद्यार्थी छनोट भएका छन् ।

# विद्यालयस्तरीय वक्तृत्व कला प्रतियोगितामा रावावैंकद्वारा सहयोग

मार्ग १६ कोहलपुर

मैत्री समाज नेपालद्वारा कोहलपुरमा संचालित विद्यालयस्तरीय वक्तृत्व कला प्रतियोगितामा रावावैंकद्वारा सहयोग प्रदान गरियो । सो सहयोग वापत मैत्री समाज नेपालका अध्यक्ष प्रमेन्द्र ढकालद्वारा बैंकलाई धन्यवाद ज्ञापन गरिएको जानकारी मार्केटिंग एण्ड डेभ्लप्मेन्ट विभागका प्रमुख रीता ढुंगेलले दिनुभएको छ ।

# राष्ट्रिय वाणिज्य बैंकको ४७ औं ....

उपसमिति, कर्जा विभागका प्रमुख गोपालचन्द्र शर्माको संयोजकत्वमा ३ सदस्यीय सामाजिक उत्तरदायित्व वहन उपसमिति, सामान्य सेवा विभागका प्रमुख मनमोहन प्रसाद भण्डारीको संयोजकत्वमा २ सदस्यीय भौतिक सहयोग उपसमिति,कर्जा असुली तथा पुनसंरचना विभागका प्रमुख नरेश राज अर्यालको संयोजकत्वमा २ सदस्यीय रक्तदान उपसमिति,मानव संशाधन विभागका प्रमुख रामचन्द्र सुवेदीको संयोजकत्वमा दीर्घ सेवा पदक वितरण उपसमिति,मार्केटिंग एण्ड डेभ्लप्मेन्ट विभागका प्रमुख रीता ढुंगेलको संयोजकत्वमा प्रचार प्रसार उपसमिति,विभागीय प्रमुख माधव राज पन्तको संयोजकत्वमा २ सदस्यीय स्वास्थ्य परीक्षण उपसमिति,शाखा संचालन विभागका प्रमुख भेषराज पन्थीको संयोजकत्वमा २ सदस्यीय स्वागत उपसमिति,कर्जा विभागका मुख्य अधिकृत भुपेन्द्र पाण्डेको संयोजकत्वमा खेलकुद उपसमिति गठन गरिएकोमा तद्अनुसारका कार्यक्रमहरू आयोजना भैरहेका छन् ।



राष्ट्रिय वाणिज्य बैंकद्वारा २०६८ मंसिर १९ गते काभ्रेको बल्थलीमा आयोजित उच्चस्तरिय कार्यसम्पादन व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहभागिहरू

तस्बिर : भुपेन्द्र पाण्डे

# राष्ट्रिय वाणिज्य वैंकद्वारा ...

पोखराका अध्यक्ष कृष्णमोहन श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त समारोहमा प्रमुख अतिथि अर्थमन्त्री वर्षमान पुनले राष्ट्रको आर्थिक विकासमा निजी क्षेत्रको भूमिका बारे प्रकाश पार्दै वर्तमान सरकारले यस क्षेत्रको विकास निम्ति हरसम्भव प्रयास गर्ने वताउनुभयो । सो अवसरमा मुख्य प्रायोजक राष्ट्रिय वाणिज्य बैंकका तर्फबाट क्षेत्रीय कार्यालय पोखराका प्रवन्धक श्री ओमप्रकाश आचार्यले देशमा उद्यम व्यापारको विकासमा स्थापनाकालदेखि नै अहम् भूमिका निर्वाह गर्दै आएको राष्ट्रिय वाणिज्य वैंकले पोखरामा आयोजना हुँदैआएका औद्योगिक व्यापारिक मेलाहरुमा विगतका वर्षहरूदेखि नै उद्योग वाणिज्य संघसंग सहकार्य गर्दै आएकोमा उद्यम व्यवसायको प्रवर्द्धन निम्ति उद्योग वाणिज्य संघद्वारा चालिने यस्ता सिर्जनशील कार्यहरूमा आगामी वर्षहरूमा समेत बैकले सहकार्य गर्ने वताउनुभयो । सो मेलाको मूख्य प्रायोजन निम्ति नेपाल उद्योग वाणिज्य महासंघ र उद्योग वाणिज्य संघ पोखराले बैंकलाई प्रशंसापत्र प्रदान गरेको छ । स्मरण रहोस् ,पोखरा क्षेत्रमा राष्ट्रिय वाणिज्य बैंक उद्यमी व्यवसायीबीच पहिलो रोजाईको बैंक रहेको छ भने राष्ट्रिय वाणिज्य बैंकले विगत ६ वर्षयता यहां संचालित राष्ट्रिय औद्योगिक व्यापारिक मेलाको मुख्य प्रायोजन गर्दै आएको छ ।

# महालक्ष्मी खाताका ग्राहकलाई उपहार वितरण कार्यक्रम

**पाल्पा**

राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय पाल्पाद्वारा बैंकको निक्षेप योजना अन्तर्गत बजारमा ल्याईएको महालक्ष्मी बचत खाता खोली कारोबार गरिरहेका



महिला दिदी बहिनीहरूलाई केही पहिले एक कार्यक्रमको आयोजना गरि उपहार बितरण गरियो । शाखा प्रबन्धक शोभाकर गौतमको सभापतित्व र पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी टिकाराम घिमिरेको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा १०९ महिला दिदी बहिनीहरूको सहभागिता रहेको थियो ।

स.ले.अ. झपट बहादुर रानाभाटको संचालन र सहायक प्रवन्धक मित्रलाल नेपालीको स्वागत मन्तव्यमा सम्पन्न उक्त कार्यक्रममा अतिथि एकल महिला संघकी अध्यक्ष तथा यस बैकमा पहिलो नम्बरमा महालक्ष्मी बचत खाता खोली कारोबार गर्ने मिना पन्थी र नेपाल पत्रकार संघ पाल्पाका सभापति भगवान भण्डारीले मन्तव्य दिनु भएको थियो ।

**भैरहवा**

यसैवीच राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय भैरहवाद्वारा महालक्ष्मी खाता खोल्ने २०० ग्राहकलाई उपहार प्रदान (खातामार्फत) गरिएको जानकारी शाखा परिवारबाट प्राप्त भएको छ ।

# राष्ट्रिय वाणिज्य बैंक प्रमुख...

वि.सं.२०४० मा कृषि अधिकृतको रूपमा बैंक सेवा प्रवेश गर्नुभएका श्री शर्माले राष्ट्रिय वाणिज्य बैकमा पछिल्ला साढे तीन वर्षयता नायव महाप्रवन्धकका साथै विगत २८ वर्षयता अन्य महत्वपूर्ण जिम्मेवारी वहन गर्दै आउनुभएको छ । नेपालको वित्तिय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत रावावैंकमा लागू भएको सुधार कार्यक्रममा करार व्यवस्थापनलाई सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका श्री शर्मा खुल्ला प्रतिष्पर्धाबाट र रावाबैंक भित्रैबाट नियुक्त हुने वैंकको इतिहासमै पहिलो प्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ । वि.सं.२०१६ मा चुवा-८ पर्वतमा जन्मनुभएका श्री शर्माले व्यवस्थापन शास्त्र र समाजशास्त्रमा स्नातकोत्तरको शैक्षिक उपाधी हासिल गर्नुभएको छ ।

यसै वीच नेपाल सरकारको मिति ०६८।४।२४ को निर्णयानुसार यस बैंकको प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी सम्हाल्नुभएकी बैंकके इतिहासमा प्रथम महिला प्रमुख कार्यकारी अधिकृत श्रीमती शिवादेवी काफ्लेको विदाई तथा नवनियुक्त प्रमुख कार्यकारी अधिकृत श्री कृष्णप्रसाद शर्माको स्वागतार्थ केन्द्रीय कार्यालयमा एक कार्यक्रमको आयोजना गरियो ।



तस्विर : भूपेन्द्र पाण्डे

राष्ट्रिय वाणिज्य वैकका नायव महाप्रवन्धक ज्योतिचन्द्र ओझा, केन्द्रीय कार्यालयका विभागीय प्रमुखहरू, मुख्य अधिकृतहरू, कम्पनी सचिव र वरिष्ट अधिकृतहरूको समुपस्थिति रहेको सो संक्षिप्त समारोहमा निवर्तमान प्रमुख कार्यकारी अधिकृत श्रीमती शिवादेवी काफ्लेले धन्यवाद मन्तव्य, नवनियुक्त प्रमुख कार्यकारी अधिकृत श्री कृष्णप्रसाद शर्माले प्रतिवध्दता मन्तव्य तथा नायव महाप्रवन्धक श्री ज्योतिचन्द्र ओझाले स्वागत तथा विदाई मन्तव्य दिनुभएको थियो ।

यसैबीच सोही दिन यस बैंकमा कार्यरत ३ वटै यूनियनहरूद्वारा एक संयुक्त कार्यक्रममार्फत नवनियुक्त प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माको स्वागत गरियो । सो अवसरमा नेपाल वित्तिय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय समितिका अध्यक्ष उद्धवप्रसाद गौतम, नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय समितिका अध्यक्ष अमृत बहादुर अधिकारी ,राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल केन्द्रीय समितिका उपाध्यक्ष खगेन्द्र उप्रेतीले नवनियुक्त प्रमुख कार्यकारी अधिकृतलाई स्वागत तथा वधाई ज्ञापन गर्दै बैंक विकास र कर्मचारी हकहीतका सन्दर्भमा सहकार्य गर्ने प्रतिवध्दता प्रकट गर्नुभयो । सो अवसरमा नवनियुक्त प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्माले आफू बैंकको प्रमुखमा नियुक्त हुंदा कर्मचारीबाट पाएको न्यानो स्वागत बैंक विकासमा कार्य गर्न सदा प्रेरणादायी रहने विश्वास प्रकट गर्दै ठूलो बाढीमा खोला तरेको मान्छेलाई खोलाको हरेक स्थानको गहिराईबारे जानकारी भई सहजै खोला तर्न सक्ने सन्दर्भमा रावावैंकका कठिनतम परिवेश र हरेक जटिलताबाट आफू परिचित भएकोले सबैको सहयोगबाट रावावैकका समस्या समाधान गरी यस बैंकलाई देशकै सवल र सक्षम बैंकको रूपमा विकास गर्ने प्रतिवध्दता प्रकट गर्नुभयो ।

Published by: Rastriya Banijya Bank, Central Office, General Service Department
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595
Chief Advisor : Krishna Prasad Sharma, Advisor : DGM Jyotichandra Ojha Chief Editor : Mukunda Aryal,
Co-editor (Distribution Management): Bharat Nepal, Email:rbbnl@rbb.com.np
Computer Design & Setting : Touch Creation P. Ltd., Bagbazar, Kathmandu,Tel: 01-4215448
Printed at : Public Printing Press Pvt. Ltd., Kathmandu